आज मिति २०७७/०१/२२ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री उमेश कुमार ढकालज्यूको अध्यक्षतामा District Covid-19 Crisis Management Center (DCCMC) को बैठक बसि देहायको उपस्थितिमा देहाय अनुसार गर्ने निर्णय गरियो ।

<u>उपस्थिति:</u>

<u>सल्लाहकार:</u>

| सि.नं. | नाम थर | पद | कार्यालय | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १. | कृष्णगोपाल तामाङ | प्रमुख | जिल्ला समन्वय समिति | ९८५१०८७४९० | |
| २. | अमान सिं तामाङ | प्रमुख | चौतारा साँगाचोकगढी नगरपालिका | ९७५१२५४४२४ | |

<u>समिति:</u>

| सि.नं. | नाम थर | पद | कार्यालय | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १ | उमेश कुमार ढकाल | प्र.जि.अ/संयोजक | जिल्ला प्रशासन कार्यालय | ९८५१२५७७७७ | |
| २ | सुशील महत | प्र.से | गोरख बक्स गण | ९८५७८३३३४७ | |
| ३ | प्रज्वल महर्जन | प्र.उ | जिल्ला प्रहरी कार्यालय | ९८५१२५५५५५ | |
| ४ | राजु पाण्डे | स.प्र.उ | सशस्त्र प्रहरी बल नेपाल | ९८५१२७२११२ | |
| ५ | बाबुराम खनाल | स.प्र.जि.अ | जिल्ला प्रशासन कार्यालय | ९८५१२४३०८४ | |
| ६ | अरुण कार्की | प्र.अ.अ | राष्ट्रिय अनुसन्धान जि.का | ९८४१७०६२२१ | |
| ७ | बुद्ध कुमार श्रेष्ठ | नि.जि.स.अ | जिल्ला समन्वय समिति | ९८४१३०८२४८ | |
| ८ | दुर्गादत्त चापागाई | व.ज.स्वा.अ | स्वास्थ्य कार्यालय | ९८५१२०१०२६ | |
| ९ | डा.अमित प्रजापति | नि.मे.सु | चौतारा अस्पताल | ९८६५०६८२४६ | |

<u>निर्णयहरु :-</u>

१. राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणको च.नं. ३८९ मिति २०७७/०१/२२ गतेको पत्रसहितको कागजात प्राप्त भई बैठकमा व्यहोरा अवगत भयो । सो सम्बन्धमा यथाशिघ्र यस जिल्लामा रहेका सबै स्थानीय तहहरुसंग भएका आगलागी नियन्त्रणका लागी दमकल एवं अन्य अग्नी नियन्त्रकको उपलब्धता र तिनको अवस्थाका सम्बन्धमा सम्बन्धित उपकरणहरुको विवरण जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रलाई माग गर्न जिम्मेवारी दिने निर्णय गरियो ।

२. सवारी साधन अनुमतिपत्र सम्बन्धी कार्यविधि, २०७६ बमोजिम जारी भईरहेको सवारी अनुमतिपत्रका सम्बन्धमा गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको SMS मार्फत जिल्ला भन्दा बाहिर अन्य जिल्लामा लागु हुने गरी त्यस्तो अनुमतिपत्र जारी नगर्न निर्देशन भई आएकोले आज मिति २०७७/०१/२२ गतेदेखि लागु हुने गरि जिल्लाभित्रका लागि मात्र सवारी साधन अनुमतिपत्र जारी गर्ने । अति जरुरी काम परी अन्यत्र जानपर्ने भएमा जाने जिल्लाका जिल्ला प्रशासन कार्यालयबाटै अनुमतिपत्र लिन सबैमा सूचना जारी गर्ने निर्णय गरियो ।

३. जिल्ला समन्वय समिति प्रमुख श्री कृष्णगोपाल तामाङको नेतृत्वमा, सहायक प्रमुख जिल्ला अधिकारी श्री बाबुराम खनाल र स्वास्थ्य कार्यालयको प्रमुख श्री दुर्गादत्त चापागाईसमेतको टोलीले जिल्लाका विभिन्न स्थानमा स्थापना गरिएका Isolation र Quarantine को स्थलगत रुपमा अनुगमन गर्दा सुनकोशी गाउपालिका अन्तर्गत वडा नं. ६ स्थित महेन्द्रोदय मा.वि.मा सञ्चालित ४ वेड क्वारेन्टिन र वडा नं. ७ स्थित श्री सेतीदेवी शारदा मा.वि.मा सञ्चालित ७ वेड क्वारेन्टिन कक्षहरुको न्यूनतम मापदण्ड पुरा नगरेको पाईएकोले उक्त वेडहरुलाई हालको मौजुदा सुचीवाट हटाउने निर्णय गरियो ।

४. हाल COVID-19 को प्रकोप तराईका जिल्लाहरुमा वृद्धि हुदै गएको र सिन्धुपाल्चोक लगायतका पहाडी जिल्लाहरुमा पनि फैलन सक्ने सम्भावना रहेकोले पूर्वतयारी गर्न स्वास्थ्यकर्मीहरुको लागी सुरक्षात्मक सामग्रीहरु मौज्दातमा राख्न आवश्यक भएको हुँदा हाललाई हरेक गाउँपालिकामा न्यूनतम २०० थान WHO Standard PPE सेट, १०० थान N95 मास्क र हरेक नगरपालिकामा न्यूनतम ३०० थान WHO Standard PPE सेट, १५० थान N95 मास्क लगायतका सुरक्षात्मक सामग्रीहरु मौज्दात (स्टक) मा राख्ने अनिवार्य व्यवस्था मिलाउन सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।